# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७७।०९।०८ गते।

## प्रेस विज्ञप्ति

**विषय: आरोपपत्र दायर गरिएको।**

सशस्त्र प्रहरी बल, बोर्डर आउट पोष्ट कृष्णनगरका सशस्त्र प्रहरी सहायक हवल्दार लिल बहादुर गुरुङले घरायसी सामान ओसारपसारमा सहजीकरण गरिदिए वापत सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरी निवेदनका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बुटवलबाट खटिई गएको टोलीद्वारा निज लिल बहादुर गुरुङलाई सेवाग्राहीसँग रु. ३५,०००।– (पैतीस हजार) घुस/रिसवत बापतको रकम लिएको अवस्थामा नियन्त्रणमा लिएको थियो ।

अनुसन्धानको सिलसिलामा सशस्त्र प्रहरी बल, बोर्डर आउट पोष्ट कृष्णनगर, कपिलबस्तुका सशस्त्र प्रहरी सहायक हवल्दार लिल बहादुर गुरुङले निज कार्यालयका कार्यालय प्रमुख सशस्त्र प्रहरी निरीक्षक निरन्जन राज कार्कीको निर्देशनमा सेवाग्राहीलाई भारतबाट समान ल्याउन सहजीकरण गरिदिने भनी रू.३५,०००/- घुस/रिसवत माग गरी लिएको तथ्य पुष्टि हुन आएकोले निजहरूको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) अनुसारको कसुर गरेकोले सशस्त्र प्रहरी निरीक्षक निरन्जन राज कार्की र सशस्त्र प्रहरी सहायक हवल्दार लिल बहादुर गुरुङलाई जनही बिगो रू.३५,०००/- (पैंतीस हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ख) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता
तारानाथ अधिकारी